# कनकासुन्दरी गाउँपालिकाको गाउँसभाको १५ औँ अधिवेशनमा गाउँपालिका अध्यक्ष दामोदर प्रसाद आचार्य ज्यूले प्रस्तुत गर्नु भएको

## नीति तथा कार्यक्रम २०८२।०८३

**कनकासुन्दरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय बिराट, सिंजा जुम्ला**

**यस सम्मानित सभामा उपस्थित**
**उपाध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्य ज्यू,**
**कर्मचारी मित्रहरु,**
**पत्रकार तथा सुरक्षा कर्मी मित्रहरु ।**

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना भई संघियता कार्यन्वयन गर्ने सन्दर्भमा हामी समुन्नत तथा विकसित कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने अठोट लिई यो महान काममा लागी परि रहेका छौ । नेपाली जनताको लामो समय देखिको परिश्रम र सहिदहरुको बलिदानीबाट प्राप्त यो शासन व्यवस्था मार्फत कनकासुन्दरी गाउँपालिका बासिको सपना चाहानालाई पुरा गरि सुन्दर तथा समृद्ध गाउँपालिका निर्माण गर्न हामी अहोरात खटि रहेका कुरा यहाँहरुलाई अवगत गराउन चाहान्छु ।

नेपालको संविधान २०७२ ले शुनिश्चित गरेका हक तथा अधिकारलाई कार्यन्वयन गरि सवल,सक्षम तथा आत्मनिर्भर र समृद्ध समाज निर्माण गर्ने हामीले गरेका प्रायसहरु प्रयाप्त नभए पनि हामिले गरेका प्रयासबाट पक्कै पनि आउदा दिनहरुमा जनताले समुन्नत र समृद्ध गाउँपालिका निर्माण हुने कुरामा विश्वास गर्ने छन भन्ने कुरमा म विश्वस्त छु ।

कनकासुन्दरी गाउँपालिकाले निर्माण गरेको पन्चवर्षिय आवधिक योजनाको दुर दृष्टिमा भएको "कनकासुन्दरी गाउँपालिकाको समुन्तिको आधार, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार" भन्ने आदर्श वाक्यको मर्मलाई सफल रुपमा कार्यन्वयन गर्न हामी अहोरात्र लागी परिरहेका छौ । यो पवित्र सोच र दृष्टिलाई साकार पार्न सिंगो कनकासुन्दरी गाउँपालिकाले महत्वपूर्ण भुमिका निर्वाह आइरहेको कुरा यहाँहरु माझ राख्दै समृद्ध गाउँपालिका निर्माण गर्न यहाँ उपस्थित हुनु भएका प्रमुख अथिति विषेश अथिति आदरणिय गाउँसभाका सदस्यहरु कर्मचारीहरु पत्रकार तथा सुरक्षाकर्मी मित्रहरुलाई गाउँसभा तथा मेरो तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु । गरिमामय गाउँसभामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक निति तथा कार्यक्रम पेश गर्न पाउदा मैले निकै गौरवान्वित महसुस गरेको छु ।

स्थानीय श्रोत तथा साधनहरुको अधिकतम प्रयोग गरि गुणस्तरिय भौतिक पूर्वाधार निर्माण आत्म निर्भर छिटो प्रतिफल दिने तथा अर्थतन्त्रलाई टेवा दिइ रोजगारी श्रृजना गर्न सक्ने

उत्पादन तथा उत्पादकत्व बृद्धि गरि आम्दानी दिन सक्ने सबै प्रकारका विभेदहरु अन्त्य गरि समतामूलक समाज निर्माण गर्न सक्ने योजना तथा कार्यक्रमहरु तर्जमा गर्ने प्रयास गरिएको छ । गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सरल, छिटो छरितो, पारदर्शी तथा प्रभावकारी बनाई जनताको भावना अनुसार सुशासनको अनुभुति गराउन आन्तरिक क्षमताको विकास गरिएको कुरा छर्लङ्ग छ ।

वार्षिक निती तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न माध्ययमबाट सुझाव दिनुहुने सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिवी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्यूहरु, प्रधानाध्यापक ज्यूहरु, टोल विकास संस्थाका पदाधिकारी ज्यूहरु तथा  सम्पूर्ण आमाबुवा दाजुभाई दिदीबहिनीहरु लगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हर्दिक आभार सहित गाउँपालिकाको  तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै अव म यस गाउँपालिकाको आ.व.२०८२।०८३ को वार्षिक निति तथा कार्यक्रम यस गरिमाय १५ औं गाउँसभामा प्रस्तुत गर्न चाहन्छु ।

**समिक्षा**

नेपालको संविधानले सुनिश्चिच गरेका तिन तहका सरकारहरु मध्ये जनाताको नजिकमा रहेर जनताको सु:ख दु:खमा साथ दिने सरकार स्थानिय सरकार हो कुनै पनि सरकारका आफ्ना अवयवहरु खडा भइ सरकार सन्चालन गरेको हुन्छ । मुलत: सरकारका तिन क्षेत्रहरु कार्यापलिका, न्यायपालिका र व्यवस्थापिका नभई सरकार सन्चालन गर्न सकिदैन । जसका लागी ऐन, कानुन, कार्यविधि जरुरि हुन्छ । नेपालको संविधानले स्थानिय सरकारलाई स्व-शासन र साझा शासनको रुपमा अधिकार बाँडफाँड गरेको छ । सरकार सन्चालनमा रहेका जनप्रतिनिधिहरु तथा पार्टी प्रतिनिधिहरु र सामाजिक क्षेत्रका अगुवा तथा आम जनाताले समिक्षा गर्नु पर्दछ की स्थानिय सरकार सवल, सक्षम, बलियो हुनका लागी जनप्रतितिधि तथा कर्मचारीको अनुभव, दक्षता, क्षमता र विज्ञता जरुरी रहन्छ । हाम्रो कनकासुन्दरी गाउँपालकाको सन्दर्भमा हामी क्रमश अनुभव, क्षमता विकास, ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण र कार्यन्वयनमा गई रहेका छौ र सरकारको रुपमा आत्मनिर्भर सवल सक्षम र बलियो हुने प्रकृयामा छौ । गत आर्थिक वर्ष २०८१।०८२ को निति तथा कार्यक्रम, सभाबाट पारित भएका योजनाहरु, ठेक्का प्रकृया मार्फत सन्चालित योजनाहरु र केही  गाउँसभाको १४ औं अधिवेशबाट संसोधन गरिएका योजनाहरु सम्पन्न भई भुक्तानी लिन बाँकी भए पनि निर्धारित समय भित्र सम्पूर्ण योजनाहरु सम्पन्न हुनेछन । नेपालको असारे विकास प्रणाली जस्तो महारोग हामीमा पनि केही अंशको रुपमा रहि आएको छ यद्यपी यस्ता ढिला सुस्ति नगरि जनतालाई

छिटो छरितोको रुपमा सेवा दिने प्रयत्नमा हामी लागी परेका छौ । योजना तथा कार्यक्रम सन्चालनका लागी समय, सिजन र कार्यालयबाट सम्पादित हुनु पर्ने सबै सेवाहरु स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी तथा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनिय काम भएका छन ।

आ.व २०८१।०८२ को अनुमानित बजेट रु ५१ करोड ११ लाख ७२ हजार ६ सय ४६ रुपैया मध्ये । मिति २०८२।०३।०८ गते सम्म पुँजिगत खर्च ४ करोड ६५ लाख ३२ हजार ९ सय ६९ रुपैया अर्थात (४४.६५) प्रतिशत र चालु तर्फ २२ करोड १५ लाख २२ हजार ९ सय १३ रुपैया अर्थात (६०.६२) प्रतिशत खर्च भएको कुरा यो सम्मानित सभामा जानकारी गाराउन चाहान्छु ।

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ,**

अव म आगामी आर्थिक वर्ष २०८२।०८३ मा हाम्रो गाउँपालिकाको जम्मा बजेट ४९ करोड ७१ लाख ७३ हजार ९ सय ९६ रुपैया हुने अनुमान गरेको छु जस मध्ये

- संघिय सरकारको अनुदान
  - वितिय समानिकरण अनुदान — रु. १० करोड १ लाख
  - सशर्त अनुदान पुजिगत — रु. २ करोड ७० लाख
  - सशर्त अनुदान चालु — रु. १६ करोड ३० लाख
  - विशेष अनुदान — रु. १ करोड ७८ लाख
- राजश्व बाँडफाँड — रु. ९ करोड १९ लाख ८४ हजार १ सय ३१
- प्रदेश सरकारको अनुदान
  - वितिय समानिकरण — रु. १ करोड २५ लाख ४९ हजार
  - सशर्त अनुदान — रु. २ करोड ३२ लाख ६९ हजार
  - राजश्व बाँडफाँड — रु. ७ लाख
- गाउँपालिकाको आन्तरिक आम्दानी
  - राजश्व संकलन — रु. ३२ लाख
  - आन्तरिक स्रोत — रु. ४ करोड ६५ लाख

- गैर सरकारी संघ संस्थाबाट सन्चालन हुने कार्यक्रम
  - आइ.एन.एफ. जुम्ला रु. १७ लाख ८६ हजार ८ सय ६५ रुपैया
  - क्याड नेपाल, जुम्ला रु. ९२ लाख ८५ हजार

**<u>नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू</u>**

नीति तथा कार्यक्रमको परिकल्पना वा लक्ष्य निर्धारण गर्दा गाउँपालिका र जनताको तत्कालिन आधारभुत आवश्यकता र केहि दिर्घकालिन महत्वपूर्ण कुरालाई सम्बोधन हुने गरि निति तथा कार्यक्रम बन्न सक्नु पर्छ। हाम्रो असिमित आवश्यकता तर सिमित स्रोतले धैरै समस्या समेटनु पर्ने बाध्यताका कारण बजेट वितरणमुखी भई योजना दिगो नभई कमजोर बन्ने, परिणाममुखि र दिगो विकास गर्न खोज्दा गाउँपालिका बासिका तत्कालिन समस्याहरु समाधान नहुने यि अप्ठ्यारा विचबाट सकभर कार्यान्वयन हुन सक्ने र गाउँपालिकाको विकासमा टेवा दिई विकसित तथा समुन्नत गाउँपालिका बनाउन मद्त गर्ने निति तथा कर्यक्रमहरु निर्धारण गरेको छु।

आगामि आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको निम्न विषयलाई आधारको रुपमा लिइएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संविधान तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- स्थानीय सरकार सन्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यवाधि, २०६९
- नेपाल सरकारको नीति तथा कार्यक्रम र चालु बजेट
- प्रदेश सरकारको नीति तथा कार्यक्रम र चालु बजेट
- स्थानिय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४
- नेपाल सरकारको चालु स्रोह्रौ योजना
- दिगो विकासका लक्ष्य २०१६-२०३०
- गाउँपालिकाको चालु ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु र अन्तरक्रिया कार्यक्रमहरु
- गाउँपालिकाको चालु आवधिक योजना २०८१-२०८६
- स्थानीय सरकारले विभिन्न मितिमा गरेका निर्णय र प्रतिवद्धता

## चालु आ.व. को हाल सम्मको उपलब्धिको संक्षिप्त विवरण

## भौतिक पूर्वाधार विकास

गाउँपालिका भित्रका सबै वडा तथा बस्तिहरुमा कच्चि ग्रावेल तथा RCC र PCC बाटोहरु निर्माण भएका छन। वडा नं ४ को भैसेरिमा पक्की पुल र वडा नं ८ कोटघरमा वेलिव्रिज पुल यसै आर्थिक वर्षमा निर्माण कार्य सम्पन भइ आवागमन सहज भएको छ। पाँच वटै समुदायीक स्वास्थ्य केन्द्रमा पक्की भवन निर्माण भई आवश्यक औजार तथा उपकरणहरु खरिद भइ स्वास्थ्य सेवा प्रवहमा सहजता भएको छ। लगभग सबै सामुदायीक माध्यामिक विद्यालयहरुमा पक्की भवनहरु निर्माण भइ पठनपाठनमा सहजता भएको छ । यस गाउँपालिका भित्रका वडा कार्यालय नभएका वडाहरुमा वडा कार्यालयहरु निर्माण भइ सेवा प्रवाह सहज भएको छ।

## सिंचाइः

गाउँपालिकाका विभिन्न वडामा रहेको कुल खेतियोग्य ८७५० हेक्टर जमिन रहेको छ। जस मध्ये हाल ५०५९.५ हेक्टरमा खेति गरिदै आएको छ। यस मध्ये १८५८.१९ हेक्टर जमिनमा १२ महिना सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ। बाढी तथा पहिरोका कारण क्षत बिच्छेद अवस्थामा रहेका सम्पूर्ण सिँचाई कुलाहरु स्थायी तथा अस्थायी रुपमा निर्माण गरि देश भरिनै प्रसिद्ध रहेको जुम्लीमार्सी धान उत्पादन बढाउने प्रयास गरिएकोछ । जलवायु परिवर्तनको प्रभावका कारण समयमा पानी पर्ने कुरामा चुनौती थपिएकोछ। निकै लामो समय देखि बजेट अभावका कारण सन्चालनमा नरहेको बन्दिराज सिँचाइ कुलो जसले यस गाउँपालिकाका वडा ४, ५, ६ र ८ को अधिकांस खेति योग्य जमिनलाई सिँचित गर्न मदत गर्दछ सो सिँचाइ कुलोको DPR तयार भइ आगामी आर्थिक वर्षबाट निर्माण कार्य सुरुवात गर्न संघिय सरकारबाट रु ३ करोड बजेट विनियोजन गर्न सफल भएका छौ। संघिय तथा प्रदेश सरकारको नितिमै उल्लेख भई मार्सी धान उत्पादन पकेट क्षेत्रको रुपमा परिचित यस क्षेत्रमा मार्सी धान उत्पादनमा जोड दिन भैसेरी देखी बडुवालबाडा सम्म सिँचाइ कुलो निर्मामा प्रदेश सरकारबाट रु ४० लाख बजेट विनियोजन भएको छ। देखी जिर्ण अवस्थामा रहेका सम्पुर्ण सिँचाई कुलाहरु मर्मत सम्भार भएको छ । मार्सि धान उत्पादन हुने महत्वपूर्ण जिउलाहरु मध्यको एक बालुथाप्ला सिचाई कुलो खण्डगत रुपमा निर्माण सम्पन्न भएको छ।

## सामाजिक विकास

एक पालिका एक अस्पताल निर्माण गर्ने व्यवस्था अनुरुप यस गाउँपालिका वडा नं ४ मा निर्माणाधिन १५ शैयाको अस्पतालको निर्माण कार्य तिव्र पारिएको छ । कनकासुन्दरी माध्यामिक विद्यालय लुड्कुमा निर्माणाधिन ६ कोठे पक्की भवन पुरा गर्न र खेल मैदान सुधार गर्न संघिय सरकारबाट रु १ करोड ७८ लाख बजेट विनियोजन गर्न सफल भएका छौ । यसै गरि अन्य विद्यालयहरुमा पनि पक्की भवन निर्माण गर्न संघिय तथा प्रदेश सरकार सँग पहल गरि बजेट विनियोजन गरिएको छ । खेलकुद क्षेत्रमा सक्षम तथा प्रतिस्प्रधि खेलाडी उत्पादन गर्न सहजताका लागी वडा नं ५ मा रहेको लासीपाटनमा रंगशाला निर्माण गर्न संघिय सरकार मार्फत रु ३ करोड बजेट विनियोजन भएको छ । कनकासुन्दरी गाउँपालिका भित्रका सबै वडा टोल बस्तिमा स्वच्छ खानेपानी उपलब्ध गराउन यस पालिकाकै गौरबको जिउगाड खानेपानी आयोजना सन्चालन गर्न संघिय सरकारबाट आगामी आर्थिक वर्षबाट निर्माण कार्य सन्चालन हुने गरि रु ३ करोड बजेट विनियोजन भएको छ । सामाजिक सुरक्षा भत्ता वितरण सहजताका लागी बैङ्क र कर्मचारीहरु प्रत्येक वडा कार्यालयमा उपस्थिति भइ भत्ता वितरण कार्यलाई सहजता गरिएको छ । एम. वि. विएस. अध्ययनका लागी दिइदै आएको छात्रबृति कार्यक्रमलाई निरन्तरता दिइएको छ । विभिन्न प्रकोपबाट श्रृजना भई विपदमा परेका नागरिकहरुलाई राहत उपलब्ध गराइएको छ । नेपाल सरकारले तोकेका जटिल रोग पिडितहरुलाई औषधि उपचार खर्च प्रदान गरिएको छ ।

## आर्थिक विकास

कनकासुन्दरी गाउँपालिकामा कृषकहरुले उत्पादन गरेका तरकारी र फलफुलहरु भण्डारण गरि राख्नको लागी एउटा शितभण्डार निर्माण भई प्रयोग हुने अवस्थामा छ । कृषि क्षेत्रको विकासबाट रोजगारी श्रृजना गरि आत्मनिर्भरता बढाउन ३३ वटा कृषि सहकारी संथा, १०२ कृषि समुह र ३५ वडा कृषि फर्म स्थापना गरि कार्यन्वयनमा ल्याइएको छ । विभिन्न वडाहरुमा सन्चालन भएका कृषि पकेट क्षेत्रहरुलाई अनुदान उपलब्ध गराइएको छ । पालिका भित्रका विभिन्न क्षेत्रहरुमा उत्पादनको प्रकृति हेरि ३ वटा स्याउ पकेट क्षेत्र, ६ वटा सिमि, आलु र फापर पकेट क्षेत्र, २ वटा मौरी पकेट क्षेत्र र ९ वटा ओखर पकेट क्षेत्र घोषणा गरि अनुदान मार्फत उत्पादन भइरहेकोछ । वर्तमान समयमा तेलको मुल्य आकासिएको अवस्थामा कनकासुन्दरी गाउँपालिकालाई तेलमा आत्म निर्भर बनाउन स्थानिय स्तरमा उत्पादन हुने ओखरको तेल निकाल्ने ३ वटा र सूर्यमुखि तेल निकाल्ने १ वटा मेसिन खरिद भई सन्चालनमा ल्याउने प्रयास

भईरहेको छ । पशुपालनका क्षेत्रहरुमा किसानहरुलाई उत्प्रेरित गरि मासु, दुध र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन ४ वटा भेडाबाख्रा पकेट क्षेत्र २८ वटा निजि भेडाबाख्रा फर्म र ३९ वटा भेडाबाख्रा पालन समुह मार्फत भेडाबाख्रा वितरण तथा अनुदान प्रदान गरि पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिएकोछ । पशुपालन क्षेत्रमा नश्ल सुधार गरि उन्नत जातको पशुहरु उत्पादन गर्न कृतिम गर्भाधान कार्यक्रम सन्चालनमा ल्याईएकोछ । पशुपन्छीमा लाग्ने विभिन्न रोगका कारण कृषकहरुलाई पुग्ने क्षेतिलाई न्यूनिकरण गर्न विभिन्न प्रकारका खोपहरु र औषधि घुम्ति सेवा मार्फत र पशु ईकाइ केन्द्रबाट नि:शुल्क रुपमा वितरण गर्ने व्यवस्था गरिएकोछ । पशुपालक कृषकहरुलाई तत्काल सेवा प्रदान गर्न प्रत्येक वडामा पशु प्राविधिकहरुको व्यवस्था गरिएको छ ।

**वनवातावरण , जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

बनजलाधार, जैविक विधिधता, बन्यजन्तु, बनस्पति व्यवस्थापनलाई समेटने गरि यसबाट प्राप्त हुने काठ, हरित उद्यम र पर्यापर्यटनको विस्तार, जडिबुटी र दाउरा संकलन तथा खेती मार्फत आम्दानी गर्ने प्रयास गरीएको छ । गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ । विपदबाट हुने क्षति न्यूनिकरण गर्नका लागी प्रकोप व्यवस्थापन कोष निर्माण गरिएको छ । सो कोषमा प्रत्येक वर्ष रकम थप गरिएको छ । विपदबाट हुने क्षतिलाई न्युनिकरण गर्न LDCRP र DPRP निर्माण गरि आपतकालिन केन्द्र सन्चालन गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास**

गाउँपालिकाले ८ वटा ऐन, १० वटा नियमाली, ५०वटा कार्यविधि, र ५ वटा योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ । त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक ५ वर्षे आवधिक योजना तर्जुमा गरेको छ । गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन, संरचना, जनशक्ती र कार्यविरण तयार गरि कर्यान्वयनमा ल्याइएको छ । पालिकाले गत आर्थक वर्षमा (LISA) मा ९१, FRA मा ८८ अंक प्राप्त गरि देशकै अग्र स्थानमा रहने पालिकाको दर्जामा पुगेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा जिल्लाकै अग्रणी गाउँपालिकाको रुपमा परिचित भएको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ । सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउनका लागी सेवाग्राहीलाई नि:शुल्क रुपमा गुनासो,

सूझाव र सल्लाह दिन पालिकाले फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्वरको व्यस्था गरिएको छ । एम्बुलेन्स सेवा सुविधा प्रयोग गर्नको लागी फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्वरको व्यवस्था गरिएको छ । सूचना तथा सन्चारमा जनताहरुको पहुच पुर्याउन एफ.एम रेडियोको स्थापना गरिएको छ । सन्चार सुविधालाई थप प्रभावकारी बनाउन विराटमा स्थापना भएको टावर र सेरकोटे डाँडामा रहेको नेपाल टेलिकमको टावलाई स्तर उन्नती गर्न पहल भएको छ ।

## आर्थिक विकास सम्बन्धि नितिहरु

- कनकासुन्दरी गाउँपालिकामा वडा नं ८ मा निर्माण भएको शित भण्डारलाई व्यवस्थित गरि सन्चालनमा ल्याइनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्र रहेका पर्यटकीय गन्तव्य स्थलहरुको प्रचार प्रसार गरि पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण कारदाताहरुका लागी करदाता शिक्षा सन्चालन गरि करको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका स्तरमा उत्पादित कृषि उपजहरुको प्रदर्शनी मेला आयोजना गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरि बजार अनुगमन कार्यलाइ तिव्रताका साथ अगाडी बढाइने छ ।
- होटल, भोजनालय र चमेनागृह आदिको पूर्वाधार सेवा र खाद्य गुणस्तर सुनिश्चित गर्न वर्षमा कम्तिमा ३ पटक प्रत्येक पसलको निरीक्षण र अनुगमन गरिनेछ साथै स्थानीय उत्पादनबाट बन्ने परिकारहरुलाई पर्बर्द्धन गर्न तालिमको व्यवस्था गरिनेछ ।
- आगामी आ.ब. भित्र वित्तीय संस्थामार्फत कृषि बिमा संचालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ ।
- आगामी वर्ष भित्र पहिचान भएको कृषि पकेट क्षेत्रमा कृषि, बागबानी, स्याउ खेती, मौरीपालन, ओखर खेती आदि कार्य गर्न कृषकहरुलाई नविनतम ज्ञान, सिप र तालिम प्रदान गरिनेछ ।
- पशुपंक्षी व्यवस्थापन सम्बन्धी मापदण्डहरु परिपालना गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा उत्पादन हुने ओखर, आरु, ढटेलो, सुर्यमुखी जस्ता तेलहन नगदेबालीको उत्पादन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- वडा नं १ मा मौरी पकेट क्षेत्र विस्तार गरि मौरी व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

- भेडा बाख्राको उन प्रशोधन गरी राडि पाखी उत्पादन, ढाका बुनाई तथा ठेटुवाको कपडा, अल्लो उत्पादन, प्रशोधन र  बिक्रि वितरण गर्न प्रोत्साहित गरिनेछ ।
- कृषि/पर्यटनमा आधारित उद्योग तथा व्यवसायलाई लागत साझेदारी मार्फत अनुदान दिइ एक वडा एक उद्यमी तयार गर्ने कार्यक्रम ल्याइनेछ ।

**<u>सामाजिक विकास सम्बन्धि नितिहरु</u>**

- आगामी आ.ब. भित्र हरेक घरधुरीको पारिवारिक विवरण (Household Folder) अद्यावधिक र सुरक्षित गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र रहेका वेसहारा बालबालिकाहरुलाई साहरा दिन तथा पठन पाठन क्रियाकलाप सन्चालन गर्न पालिका स्तरिय बालगृह सन्चालन गरिनेछ ।
- महिला घरमुली भएका अति विपन्न  महिलाहरुलाई आवासको व्यवस्था गर्ने प्रवन्ध मिलाईनेछ ।
- सबैको लागि निशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चतता गर्नको लागि स्वास्थ्य चौकीहरुमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वर्ष अपाङ्गता भएका व्यक्ति असक्त र जेष्ठ नागरिकको स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि यस आ.व.  मा  आवश्यकता अनुसार घुम्ति स्वास्थ्य शिविर संचालनको लागि रकमको व्यवस्था गरिनेछ ।
- गत आ.व.देखि संचालनमा रहेको गर्भवती तथा सुत्केरी आमाका लागि स्थापना भएको आपतकालिन कोषलाई निरन्तरता दिई आगामी आ.व.मा थप बजेटको व्यवस्था मिलाई प्रभावकारी अनुगमन गरिनेछ ।
- आगामी वर्ष भित्र नेपाल सरकारको अवधारणा अनुसार नागरिकले स्वास्थ्य वीमाको सुबिधा प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- आगामी आ.ब. भित्र विद्यालयमा बालमैत्री पढाइलाई निरन्तर र गुणस्तरीय रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने व्यवस्थाका लागि नेपाल सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
- चिकित्सा क्षेत्रको छात्रवृतीलाई थप प्रभाबकारी बनाई निरन्तरता दिइनेछ ।

- आगामी  बर्ष भित्र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी प्रभावकारी रुपमा शैक्षिक गतिविधिहरु संचालन गरिनेछ ।
- आगामी  वर्ष भित्र लासीपाटमा रंगशाला निर्माण कार्यको लागि प्रदेश सरकार र नेपाल सरकारसगं आवश्यक पहल गरिनेछ।
- आगामी आर्थिक वर्षमा सभ्य तथा सुसंस्कृत समाज निर्माण गर्न छुवाछुत, महिला हिंसा, घरेलु हिंसा, बाल बिबाह, बहुविवाह, छुइ प्रथा जस्ता कुसंस्कृति न्युनिकरण गर्न पहल गरिनेछ ।
- लक्षित वर्गलाई सीप र उद्यमशिलता प्रबर्धनको लागि तालिमको व्यवस्था गरिनेछ।
- यसै आ.ब. भित्र कम्तिमा एक वटा सामुदायिक सूचना केन्द्र संचालनमा ल्याइनेछ ।
- गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- पुराना स्थानिय निकाय र तहमा दर्ता भएका ब्यक्तिगत घटनाहरुलाई डिजिटाईजेसन गरि ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा ब्यवस्थापन सुचना प्रणाली VERSP-MIS मा भण्डार गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्रका सबै नागरिकको घटना दर्ताको अधिकारलाई सुनिश्चिता गरिनेछ ।
- नेपाल सरकारको निति अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई सहज र सुलभ बनाउन सबै वडा कार्यालय र गाउँपालिकाबाट सेवा प्रबाह गरिने छ ।
- कनकासुन्दरी गाउँपालिका बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता प्राप्तिका लागी सहज बनाउन सबै वडाको पायक पर्ने स्थानमा कुमारी बैक कनकासुन्दरी शाखाको उपस्थितिमा रकम वितरण कार्य लाई निरन्तरता दिईनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्र गठन भएका टोल विकास संस्था, बाल क्लव, युवा क्वल, किशोरकिशोरी क्लवका पदाधिकारीहरुलाई क्षमता विकास गरि पालिकाको विकासमा सघाउन पुर्याउन प्रयत्न गरिनेछ ।

**<u>पूर्वाधार विकास सम्बन्धि नितिहरु</u>**

- कनकासुन्दरी गाउँपालिकाबाट सन्चालित सम्पुर्ण योजनाको लागत इस्टिमेट तथा सर्भे कार्यलाई सहज सरलिकरण तथा सुद्धता कायम राख्न लागत इस्टिमेट सफ्टवयरको व्यवस्था गरिनुका साथै प्राविधिक कर्मचारीहरुको लागी फिल्डमा योजना अनुगमन तथा सर्भे कार्यका लागी आवश्यक पर्ने सामग्रीको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाबाट सन्चालन भएका सम्पुर्ण योजनाहरुको गुणस्तर चेक जाँचको लागी गुणस्तर परिक्षण उपकरणको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबाट सन्चालित आयोजनाहरुको महत्व तथा उदेश्य भुक्तानी प्रक्रिया जस्ता विविध कुराको ज्ञान तथा अनुभव कायम गराउन उपभोक्ता समिति, प्राविधिक र टोल विकास संस्था विच क्षमता विकास तालिमको  व्यवस्था गरिनेछ ।
- पालिका स्तरीय कुनै पनि सार्वजनिक तथा निजी भवन निर्माण कार्य गर्दा भवन निर्माण मापदण्ड अवलम्बनका साथै नक्सा पास गरी भवन निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- यस पालिकामा  प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुको लागी प्राविधिक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

**<u>वातावरण तथा विपद् व्यावस्थापन तथा जलवायू परिवर्तन सम्बन्धि नीतिहरु</u>**

- वातावरणिय स्वच्छता सम्बन्धि चेतना बढाई वातावरणमा पर्न सक्ने जोखिमलाइ न्यूनिकरण गर्दै वन ,वन्यजन्तु,पशुपंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण र जलवायू परिवर्तन न्यूनिकरण गर्ने निति अवलम्वन गरिनेछ ।
- गाँउपालिका भित्रका वडा स्तरिय विपद् ब्यवस्थापन समिति, सामुदायिक वनका पदाधिकारीहरु तथा टोलविकास संस्थाका पदाधिकारिहरुलाई वन जङ्गल संरक्षण तथा विपद् व्यवस्थापनका लागी क्षमता अभिबृद्धी तालिम तथा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्र विद्यमान र आउन सक्ने प्रकोप तथा विपदहरुलाई समेत ध्यानमा राखी जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडी बढने नीति अख्तियार गरिनेछ ।
- प्रत्येक आर्थिक बर्षमा सञ्चालनमा रहेका योजनाहरुमा बायोइन्जिनियरिङ् कार्य अनिवार्य गरिनेछ ।
- यस पालिकाका सम्पुर्ण वडा भित्र अनियन्त्रित रुपमा उत्खनन भइरहेका गिट्टि वालुवा तथा बन पैदावारहरुलाई स्थानिय सरकारको नियमानुसार राजश्वको दायरामा ल्याउन  वातावरणीय प्रभाव कम गर्न IEE भइसकेकोले आय ठेक्का लगाइनेछ ।
- खोज उद्धार पुर्व सुचना प्रणाली तथा प्राथमिक उपचार सम्बन्धि कार्यदलको क्षमता अभिबृद्धि (तालिम ,सामाग्री ब्यवस्थापन) गरि परिचालन तथा विपद् ब्यवस्थापन शाखा अन्तर्गत संचालनमा रहेको आपतकालिन कार्य संचालन केन्द्रलाई थप ब्यवस्थित गरिनेछ।

- स्थानिय जलवायू उत्थानशिल योजना तथा विपद् पुर्व तयारि तथा प्रतिकार्य योजना आगामी आर्थिक वर्षमा अध्यावधिक गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन सम्बन्धि नीतिहरु**

- प्रत्येक वडा कार्यालयहरुले आफ्नो वडाभित्रका सम्पूर्ण तथ्याङ्कहरु समेटी वडा प्रोफाईल बनाउने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकामा संचालन भएका बिकास निर्माणका कार्यक्रमहरुको नियमित अनुगमन, प्रगति समिक्षा, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण र सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुचनालाई विद्धुतीय प्रणाली मार्फत सुशासनलाई बढवा दिईनेछ ।
- गाउँपालिकाबाट संचालित बिकास निर्माणका आयोजना तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र सुपरिवेक्षण प्रणालिलाई प्रभाबकारी बनाउनका साथै संघ तथा प्रदेश सरकारबाट प्राप्त आयोजनाहरुको पनि अनुगमन तथा सुपरिवेक्षण गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीलाई कार्य दक्षताको आधारमा उत्कृष्ट छनौट गरी पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।
- कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई क्रमशः कम्प्युटरकृत र सूचना प्रविधिमैत्री तथा विधुतिय टोकन प्रणाली मार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- सभा तथा कार्यपालिकाका निर्णयहरु गोप्य राख्ने भन्ने बाहेकका अन्य निर्णयहरु ३ दिन भित्र वेवसाईट मार्फत सार्वजनिक गरिनेछ ।
- यसै आ.ब.मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य मन्त्रालयबाट उपलब्ध गराएको नमूना कानुन बमोजिम आवश्यक कानून स्वीकृत गरी लागू गरिनेछ ।
- प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहमा हस्तान्तरण भई आएका (विद्यालय भवन, स्वास्थ्य केन्द्र/उपकेन्द्र भवन, कृषि, पशु सेवा केन्द्रका भवन, अन्य सरकारी र सामुदायिक भवन, जग्गा जमीन, पुर्वाधार, सम्पन्न योजना, आयोजना वा कार्यक्रम) आदिको विवरण अद्यावधिक गरी सार्वजनिक गरिनेछ ।
- प्रत्येक आ.व.को पहिलो चौमासिकभित्र स्थानीय तहको साझेदारीमा काम गर्ने गैर सरकारी संघ संस्थाको विवरण अद्यावधिक गरी सार्वजनिक गरिनेछ ।
- यसै आ.ब. भित्र सूचना प्रविधिको प्रयोग गरी स्थानीय तथ्यांक अध्यावधिक र गाउँ बस्तुगत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाले सम्पादन गर्ने सबै कार्यको वार्षिक प्रगित प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।
- प्रत्येक वर्ष संघीय सरकारले देश भरिका स्थानीय तहहरुको (LISA, FRA, LED र प्राकृतिक स्रोत तथा वित्त आयोग) बाट हुने स्वमुल्याङ्कनका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरी उत्कृष्ट गाउँपालिका बनाउन आगामी आ.व.को पहिलो चौमासिक देखिनै अनिवार्य काम गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको कार्यसम्पादनमा आवश्यक पर्ने ऐन, नियमवली, कार्यविधी र निर्देशिका तयार गरिनेछ।

## बजेट योजना तथा वित्तिय व्यवस्थापन सम्बन्धि नीतिहरु

- प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा १० प्रतिशत अभिबृद्धि भएको हुनेछ।
- आगामी आ.व देखि गाउँपालिका तथा वडाबाट सन्चालन हुने योजनाहरुको एकिकृत आयोजना बैङ्क स्थापना गरि प्रथामिकताका आधारमा बजेट विनयोजन गरिनेछ।
- आगामी बर्ष भित्र सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन गरी योजना तर्जुमा गरिनेछ।

## स्वास्थ्य सम्बन्धि नीतिहरु

- विभिन्न सेवा प्रवाहका लागी स्वास्थ्य संस्थामा विद्यत आपुर्ति नभएका स्वास्थ्य संस्थामा यो आ व मा विधुत आपुर्तिलाई सहज गरिनेछ।
- वडा नं १ देखी ८ वडा सम्मका जेष्ठ नागरिकलाई विमा कार्यक्रम सँग जोडन पहल गरिनेछ।
- भौगोलिक विकटताका कारण उपचारबाट बन्चित भएका समुदायहरुलाई प्रभावकारी उपचार गर्नका लागि यस अघि स्थापना भई सन्चालनमा रहेका आधारभुत स्वास्थ्य केन्द्रको प्रभावकारी सन्चालन गर्दै वडा नं. १ को रिया र मर्फानका सामुदायीक स्वास्थ्य केन्द्रलाई सन्चालनमा ल्याउन बजेटको व्यवस्थापन गरिनेछ ।
- हाटसिजामा निर्माणाधिन अवस्थामा रहेको १५ सैया अस्पाताल निर्माण कार्यालाई तिव्रताका साथ अगाडी बढाउन पहल गरिनेछ।

- हाटसिजा स्वास्थ्य चौकीमा स्थापना भएको पोषण पुनर्स्थापना केन्द्रलाई निरन्तरता दिदै बाँकी स्वास्थ्य चौकीमा यसको सेवा विस्तार गरिनेछ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत वडा नं १ देखि ८ सम्मका सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि कार्यक्रम सन्चालन गरिनेछ।
- स्वस्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीहरुलाई इनप्लान्ट IUCD ग्रामिण अल्ट्रासाउण्ड तालिमको व्यवस्था गरिनेछ।
- आ व २०८२।०८३ मा जिर्ण अवस्थामा रहेका स्वास्थ्य संस्थाहरुको मर्मत सम्भार गरिनेछ।
- आगामी आ व देखि पोषण मैत्री गाउँपालिका घोषणाका लागी वडा स्तर देखि आवश्यक कार्यक्रम सन्चालन गरिनेछ।
- हाटसिँजामा रहेको आँखा उपचार केन्द्रलाई व्यवस्थित बनाई वर्षमा एक पटक निशुल्क आँखा उपचार शिविर सन्चालन गरिनेछ।

**आयुर्वेद तर्फका नीतिहरु**

- आ व ०८२।०८३ मा कनकासुन्दरी गाउँपालिका वडा नं १ मा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि सन्चालनमा ल्याइनेछ ।
- अत्यावश्यक औषधि, उपकरण तथा सुरक्षा सामाग्रीहरुको उपलब्धतामा कमि आउन नदिन औषधि उपकरण स्टिमबाथ तथा सुरक्षा समाग्रीहरु खरिद तथा आपुर्तिको लागी आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिकामा पाइने औषधि गुणयुक्त जडिबुटीहरुको पहिचान उपयोगिता खेती र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदान प्रदान गरिनेछ।
- स्थानिय स्तरमा रहेका धामी, झाक्री, बैध तथा जडीबुटी सम्बन्धी जनाकारहरुलाई सचेतना कार्यक्रम सन्चालन गरि जनचेतना प्रदान गरिनेछ।

**राजश्व सम्बन्धि नीतिहरु**

- आव २०८२।०८३ मा गाउँपालिकाबाट वितरण हुने वितिय अनुदान वडागत राजश्व संकलन, भुगोल र जनसंख्याका आधारमा वाँडफाँड गरिनेछ।
- प्रशासनीक संयन्त्रलाई छिटो छरितो मितव्ययी बनाई प्रशासनिक खर्च घटाई विकास बजेट बढाउने नीति लिईनेछ।

- गाँउपालिकाको आर्थिक ऐन २०८२ अनुसारको कर शुल्क, सेवा शुल्क दस्तुर र भाडा सम्बन्धीत क्षेत्रमा लागु गरिनेछ।
- आन्तरिक स्रोत प्रभावकारी कार्यान्वयनको लागि श्रावण १ देखि भाद्र मसान्त सम्म यस गाउँपालिका अन्तरगत स्थायी रुपमा बसोबास गर्ने बासिन्दाहरुलाई वडा कार्यालयमा आ-आफ्नो लालपूर्जा सहित सम्पति दर्ता गर्न आवह्वान गरिनेछ।
- गाउँपालिकालाई आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्दा स्थानीय व्यापारीलाई दर्ता/सुचिकृत गरी खरिद गर्न प्रथामिकता दिइनेछ।
- आगामी आ व मा गाउँपालिकाको राजश्व सुधार योजना तयार गरि राजश्व संकलनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- स्थानीय नागरिकहरुलाई कर तिर्न प्रोत्साहित गर्दै कर/राजश्व सम्बन्धि शिक्षा प्रदान गरिनेछ।

**दक्ष जनशक्ति उत्पादन सम्बन्धि नीतिहरु**

- लक्षित वर्ग विकास तथा सामाजिक समावेशी विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको बजेट नै यसको प्रमुख स्रोत हुनेछ।
- यस गाउँपालिकामा रहेको कनकासुन्दरी माद्यामिक विद्यालय लुड्कुमा संचालित ३ वर्षे पशु विज्ञान विषयलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ।
- आगामी आर्थिक वर्षमा क्षमता विकास योजना तयार पारी जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सँगको समन्वय र सहकार्यको माध्ययमबाट छोटो तथा लामो अवधिका सिपमुलक तालिम सन्चालन गरि दक्ष जनशक्ति उत्पादन गरिनेछ।

**शिक्षा सम्बन्धि नीतिहरु**

- “प्रविधिमैत्री शिक्षा कनकासुन्दरी गाउँपालिका भविश्य निर्माणका आधार हाम्रा बालबालिका” भन्ने आदर्श वाक्यलाइ साकार पार्न विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।
- अन्तर जिल्ला शिक्षक सरुवालाई व्यवस्थित र मर्यादित बनाउँदै सरुवामा स्थानीय, अपाङ्गता भएका, महिला, दलित र अल्पसंख्यकलाई विषेश प्राथमिकता दिइनेछ।

- सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको अतिरिक्त क्रियाकलापमा थप सुधारका लागी पालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा संगित प्रशिक्षणका लागी एक जना संगित शिक्षकको व्यवस्था गरिनेछ।
- एकीकृत प्रारम्भिक बाल विकास कार्यक्रमलाइ प्रभावकारी वनाउन बाल विकास शिक्षकलाई क्षमता विकास तालिम सञ्चालन गरि सक्षम बनाइने छ । साथै प्रारम्भिक बालकक्षालाई आकर्षक र रोचक बनाउन उपयुक्त सामग्री सहितको बालमैत्री कक्षाकोठा बनाइने छ।
- बालबालिकाहरुको सर्वाङ्गिण बिकासका लागी वडा कार्यालय तथा विद्यालयहरुसँग समन्यय गरि अभिभावक शिक्षा कक्षा तथा एकीकृत प्रारम्भिक बाल बिकासका कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिने छ।
- स्थानिय पाठ्यक्रम निर्माण भइ लागू भइसकेकाले यसै शैक्षिक वर्षदेखि कक्षा १देखि ३ सम्मको पाठ्यक्रम लागू गर्ने र पाठ्यपुस्तक समेत छपाइ वितरण गरिनेछ साथै आगामि शैक्षिक वर्षहरुमा क्रमशःकक्षा ४-५ र ६-८ मा लागु गरिनेछ।
- विद्यार्थीलाइ व्यवहारिक, व्यसायिक, प्रतिस्पर्धि, इमान्दार, नैतिक र समक्ष बनाउने खालका ज्ञान सीप र क्षमता विकासका क्रियाकलापमा जोड दिइनेछ।
- शिक्षालाइ गुणस्तरीय बनाउन शिक्षक तथा अभिभावकलाई जिम्मेवार तथा जवाफदेहि बनाइने छ साथै मासिक तथा त्रैमासिक अनुगमनको कार्य गरि उपयुक्त सुझाव तथा आवश्यक पुरस्कार र दण्डको व्यवस्था गरिने छ।
- विद्यार्थिको सिकाइ उपलब्धि अभिबृद्धि गर्न कक्षा शिक्षण तथा परीक्षा प्रणालिलाई चुस्त वनाइने छ। साथै पालिका भित्रका सवै विद्यालयको परिक्षा तथा नतिजा प्रणालिलाइ एकरुपता दिने कार्यको सुरुवात गरिनेछ।
- सामुदायिक बिद्यालयमा अध्यापन गराउने सम्पुर्ण शिक्षकहरुलाई उत्साहित बनाउन बार्षिक १८० दिनको शिक्षा खाजाको व्यवस्थालाई निरन्तरता दिईने छ।
- पालिका भित्रका सम्पुर्ण बिद्यार्थीहरुको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम मार्फत कम्तीमा २ पटक स्वास्थ्य परिक्षणको व्यवस्था गरिने छ।

- भौगोलिक रुपमा बिकट तथा बिद्यार्थी कम भएका बिद्यालयलाई एकिकृत गरि पालिकाभित्रका विद्यालयलाई  आवश्यकताका आधारमा आवासिय बिद्यालयका रुपमा सञ्चालन गरिने छ।
- पालिका भित्रका प्रधानाध्यापकहरुको प्रोत्साहनका लागी दिईदै आएको प्र.अ भत्ता लाई निरन्तरता दिईने छ।
- बिद्यालयको तथ्याङ्कलाई ब्यवस्थापन तथा कार्यालय सञ्चालन सहजताका लागी ल्यापटप नभका प्रत्येक बिद्यालयमा १/१ वटा ल्यापटप बितरण गरिने छ।
- आधारभुत तथा माध्यामिक बिद्यालयका बालबालिकाहरुको प्रतिभा प्रष्फुटन गर्न पालिका स्तरमा बिभिन्न प्रतियोगिताहरु सञ्चालन तथा ब्यवस्थापन गरिने छ।
- शिक्षालाई रोजगारी तथा उद्यमशिलतामा जोड दिन ब्यवसायिक शिक्षालाई जोड दिईने छ।
- गाउँपालिका भित्रका सबै सामुदायिक बिद्यालयलाइ हरित विद्यालय बनाउन १ बिद्यालय १ बगैचा कार्यक्रम सञ्चालन गरिने छ।
- बिद्यार्थिको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न त्रैमासिक रुपमा बिदार्थीको नतिजाको समिक्षा तथा बिश्लेषण गरि थप सिकाईका अवसर सिर्जना गरिनेछ।
- प्रत्येक बिद्यालयको नविन अभ्याससंग परिचित गराउन घुम्ति प्र.अ बैठक सञ्चालन गरिनेछ।
- सामुदायिक बिद्यालयका प्र.अ हरुलाई उत्तरदायि र जवाफदेहि बनाउन प्रअको प्रमुख प्रसासकिय अधिकृत संग र शिक्षकको प्र.अ संग कार्य सम्पादन सम्झौता गरि कार्यान्वयनमा ल्याईने छ।
- पालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा  ICT का माध्यमबाट शिक्षणको व्यवस्था गरी विद्यार्थीलाई नविन तथा आधुनिक प्रविधिसँग जोडेर सिकाइ कार्य अघि बढाइनेछ।
- बालिका तथा समाबेशि शिक्षा सुनिश्चितका लागी बालक्लब, बालिका तथा समाबेशि शिक्षा सञ्जाललाई परिचालन गरिने छ।
- यसअघि गाउँपालिकावाट दिईदै आएका अनुदानका सम्पूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

- सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागी विद्यालयमा अभिभावक विद्यालय व्यवस्थापन समिति शिक्षक जनप्रतिनिधि र विद्यार्थि विच छलफल तथा अन्तरक्रिया कार्यक्रम सन्चालन गरिनेछ ।

**<u>कृषि सम्बन्धि नीतिहरु</u>**

- बिपन्न बर्ग महिला र दलित बर्गबाट कृषि उद्यम स्थापना/ संचालन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।
- शिक्षित बेरोजगार तथा सेवा निबृत व्यक्ति वा समुहलाई कृषि तथा पशुजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागी व्यवसायिक कार्यक्रम तयार गरी लागु गरिनेछ ।
- बजारको मागको आधारमा कृषि व्यवसाय प्रबर्द्धन गर्न, जनशक्ति विकास गर्न जोड दिनुका साथै सरकारी सहकारी र गैरसरकारी स्तरमा तालिम दिने संस्थालाई समेत क्षमता अभिबृद्धि गर्न सहयोग गरिनेछ ।
- सार्वजनिक क्षेत्रको जग्गा तथा अन्य क्षेत्रमा समेत सम्भाव्यताका आधारमा जडिबुटी खेतिको विकासलाई प्रोत्साहित गरिनेछ।
- राजमार्ग, सहायक मार्ग तथा कृषि/ ग्रामीण सडकहरुको आसपासका क्षेत्रहरुमा विकास गरिने कृषिजन्य व्यवसायिक पकेटहरुको लागी बजार संजाल विकास तथा विस्तार गरिनेछ ।
- निजि एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरुको साझेदारीमा कृषि बजार तथा कृषि व्यवसाय संग सम्बन्धित सुचना प्रणालीको विकास, विस्तार र प्रवाह गरिनेछ ।
- प्राङ्गरिक खेती प्रविधिद्धारा उत्पादित कृषिबस्तुहरुको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।
- संचालित उद्योगहरुमा स्थानीय कच्चा पर्दार्थको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- नेपालममा विकास भएका र हुने कृषि उपज बजार स्थलहरुबाटै स्रोत परिचालन गरी उनीहरु बिच समन्वय पूर्वाधार तथा क्षमता विकासमा योगदान पुऱ्याउन कृषि व्यावसाय प्रबर्द्धन कोषको गठन गरिनेछ
- व्यावसायिक कृषि संग सम्बन्धित वाली उत्पादन, पशुपालन, बजार व्यवस्था तथा कृषि उद्योगहरुको विमा गराउने व्यवस्थाको विकास गरिनेछ ।
- सुनौलो हजार दिनका आमाहरुलाई कृषि सम्बन्धि पोषणयुक्त कार्यक्रम संचालनमा ल्याइनेछ ।
- ओखर/स्याउ बगैचा सुधारको लागी पालिका स्तरमा तालिम प्राप्त कृषकहरुलाई सुचिकृत गरि उक्त कृषकलाई मागको आधारमा स्याउ बगैचामा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

- कृषक समुहको मनोबल उच्च राख्न उत्पादन क्षेत्रमा प्रतिस्प्रधा गराउन कृषि मेला हाटबजार सन्चालन गरिनेछ।
- पालिका भित्रका अगुवा कृषकको पहिचान गरि उक्त कृषकलाई कृषक स्वयमसेवकको रुपमा परिचालन गरि कृषि सम्बन्धि कार्यक्रम सन्चालन गरिनेछ ।
- कृषक समुह विच प्रतिसप्रर्धाको भावनाको विकास गरि उत्पादन मुलक कार्यक्रममा जोड दिइनेछ।

**रोजगार सम्बन्धि नीतिहरु**

- दिगो रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनलाई उच्च प्रथमिकतामा राखेर "मिसन रोजगारी: दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन-अभियान" सन्चालन गरिनेछ।
- गाउँपालिका भित्रका सबै बेरोजगार व्यक्तिहरुको विवरण संकलन गरी व्यवस्थित रुपमा सुचिकृत गरिनेछ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ।
- श्रम संसार प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सुचिकृत शिक्षित तथा साक्षार बेरोजगारहरुलाई कृषि, पशुपालन, हस्पिटालिटी, प्लम्विङ्ग, बिजुली जडान सम्बन्धी तालिम प्रदान गरिनेछ।
- विदेशबाट रोजगारी गुमाएर घर फर्किएका तथा स्वदेश मै रोजगारी गुमाएका सबै नागरिकलाई रोजगार सुनिश्चित गर्न निजि क्षेत्र तथा गैर सरकारी क्षेत्रसँग विशेष पहल गरिनेछ।
- गाउँ-गाउँ मा सिँहदरबार भन्ने नेपाल सरकारको नीति अनुसार बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृती सम्बन्धी सम्पूर्ण अनलाइन कार्य गरी श्रम कार्ड अपलब्ध गर्ने व्यवस्था निरन्तरता दिइनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम हरेक वडामा सञ्चालन गरिनेछ।
- रोजगार रणनीति बनाई कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- रोजगार सेवा केन्द्रको संरचनालाई स्थायीत्वका लागी आवश्यक पहल गरिनेछ।

## खानेपानी तथा सरसफाई सम्बन्धि नीतिहरु

- खानेपानी तथा सरसफाई आयोजना दिर्घकालीन र व्यवस्थित गर्नका लागी कम्तिमा १ योजनामा २ जनामा १ जना महिला अनिवार्य हुने गरी खानेपानी सरसफाई मर्मत सम्भार कार्यकर्ता छनोट गरि तालिमको व्यवस्था गरिनेछ।
- ठुला तथा बृहत पालिका स्तरीय गौरबका खानेपानी आयोजना निर्माण पूर्व र निर्माण पश्चात तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।
- पुराना मर्मत सम्भारका खानेपानी तथा सरसफाई आयोजनामा प्राथमिकरणका आधारमा सार्वजनिक धारालाई हटाई एक घर एक धारा कायम हुनेगरी मर्मत सम्भार योजनामा बजेट व्यावस्थापन गरिनेछ।
- कनकासुन्दरी गाउँपालिकाका हरेक वस्तिलाई पूर्ण सरसफाई उन्मुख बस्ति घोषणा गरिनेछ।
- गाउँपालिकाको पूर्ण सरसफाई कार्ययोजना अनुसार सन २०२७ भित्र पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्नको लागी सम्पूर्ण विकास साझेदारहरु सँग समन्वय गरिनेछ।
- ग्रामीण खानेपानी सेवा सहयता मार्फत खानेपानी योजनाहरुको मर्मत सम्भारका लागी आवश्यक वजेट व्यवस्थापन गरिनेछ।
- वास सुशासनलाई संस्थागत गर्न विद्यमान खानेपानी सरसफाई तथा स्वच्छता इकाई (वास यूनिट) को संरचनाको स्थायीत्वका लागी आवश्यक पहल गरिनेछ।

## उर्जा विकास सम्बन्धि नीतिहरु

- गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्युत गृहहरुको क्षमता बृद्धी गरी थप गाउँबस्तीहरुमा विद्युत सेवा विस्तार गरिनेछ।
- राष्ट्रिय विद्युत प्रसारण लाइन सम्पूर्ण बस्तिहरुमा विस्तार गर्न पहल गरिनेछ ।

## पशुपन्छी विकास सम्बन्धि नीतिहरु

- आगामी आर्थिक वर्षमा पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशु स्वास्थ्य प्राविधिकको पहुच भन्दा टाढारहेका पशुपालक कृषकहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन गरीने छ।
- भेडा/बाख्रा पालन क्षेत्रमा बाह्य परजीवी नियन्त्रण गर्न डिपीङ्ग ट्याङ्क निर्माण गरिने छ।
- पशु उपचार सेवालाई प्रभावकारी बनाउन ट्रेविज निर्माणको व्यवस्था गरिने छ।

- खर्क सुधार अन्तर्गत चरन क्षेत्रमा पशुहरुलाई झरी-बादल बाट बचाउन टहरा,पिउनका लागि पानी पोखरी निर्माण गरिने छ।
- ५० माऊ भन्दा बढी दर्ता गरी भेडा/बाख्रा पालन गर्ने ब्यावसायीक कृषकलाई ७० प्रतिशत अनुदानमा रेन्कोट, गमबुट, पाल तथा सोलार उपलब्ध गराइने छ।
- पशुपन्छी पालक कृषक समूह,सहकारी,निजि,उद्योगी ब्यावसायी तथा सम्बन्धित बिषयका बिज्ञ र पशुपन्छी विकास शाखा बिच २ पटक अन्तरक्रिया कार्यक्रम संचालनमा ल्याईनेछ।
- पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन नपुग रहेका अति आवश्यक सामाग्रीहरु:माईक्रोशकप, बडिजो, कास्टीङ्ग रोप, फ्रिज आदी सामाग्रीहरु खरिद गरी उपलब्ध गराईने छ।
- पशुपन्छी विकास शाखा अन्तर्गत रहेका पशु प्राविधिकहरुको क्षमता अविबृद्धि गराउन तालिमहरु उपलब्ध गराईने छ।
- ब्यावसायीक गाई/भैसी पालक कृषक समूह गठन तथा परिचालन गरिने छ।
- पशुपन्छी पकेट क्षेत्रलाई विस्तार गरी एक वडा एक पकेट क्षेत्र सन्चालनको लागी व्यवस्था गरिनेछ ।
- माहामारी जन्य रोगहरु: खोरेत, भ्यागुत्ते चरचरे, पि.पि.आर., रेविज, लम्पीस्कीन, रानीखेत जस्ता रोगहरु नियन्त्रण गर्न अनिबार्य खोप लगाईनेछ।
- पशुपन्छी विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन विमा कम्पनी, पशुपन्छी विकास शाखा र कृषक विच अन्तरक्रिया गरी विमा कार्यक्रमलाई अगाडी बढाउन पहल गरिने छ।
- यस अघि पालिकाले वितरण गरेका भेडा बाख्रा पालक कृषकहरुको अनुगमन गरी उत्पादन बृद्धि गर्ने किसानलाई पुरस्कृत र नास गर्ने कृषकलाई दण्डित गरिनेछ।
- व्यवसायीक पशुपालक कृषकहरुलाई हिउदे घाँस उत्पादनको लागी विउ वितरण गरिनेछ।
- फर्म दर्ता गरी व्यवसायीक रुपमा पशु पंछी पालन गर्ने कृषकको फर्ममा पशुपन्छीहरुलाई दनापानी खान सहजत बनाउन डुड निर्माणमा जोड दिइनेछ।
- दुग्धजन्य निजि व्यवसायीलाई औजार तथा उपकरणमा ५० प्रतिशत अनुदान दिइनेछ।

**सहकारी सम्बन्धि नीतिहरु**

- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्वन्धित सरकारी निकाय तथा सहकारी सघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ|

- सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिने छ ।
- आम नागरिकहरुलाई सहकारी सम्वन्धि जनचेतना अभिवृद्धिका लागि सरकार, स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज , विकास साझेदारी, शैक्षिक क्षेत्र, संचार जगतका साथै सामाजिक संघ संस्थाहरु परिचालन गरिने छ |
- कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा वजारिकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संग्लनतामा प्रोत्साहन गरिने छ|
- सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा वजार केन्द्रहरुको व्यवस्थापनमा सहकारी संघ संस्थाको संग्लनता र सहभागितालाई प्राथमिकता दिइने छ |
- पालिकामा सन्चालन भएका सहकारीहरुलाई नियमन गरिसन्चालन नभएका सस्थाहरुलाई खारेजि विगठन तथा मर्ज गर्ने व्यवस्था गरिनेछ ।

**सामाजिक सास्कृतिक तथा पर्यटन सम्बन्धि नीतिहरु**

- खष भाषाको उद्गम स्थल यस कनकसुन्दरी गाउँपालिकाको भाषा सस्कृति संरक्षणमा विशेष पहल गरिनेछ ।
- पुरातात्विक महत्वका सम्पदा संरक्षणका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- खष सभ्यताका रुपमा रहेका मागल, झोडा, चुट्किला, भैलो, धामी नाच, बालो नाच, छैटी लगायतका संस्कृतीहरुको उचित संरक्षण गरिनेछ।
- पुराना तथा जिर्ण भएका पुरातात्विक खम्बा, पाटी पौवा, मन्दिर, थान तथा धार्मिक स्थलहरुको संरक्षण एवं पुन निर्माण गर्न बजेट व्यवस्था गरिनेछ ।
- सिजा सभ्यता र संरक्षण तथा प्रर्वद्धनमा विषेश जोड दिई ऐताहाँसिक सिजा सभ्यताको प्रचार प्रसार गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषित गराउन अभियान सन्चालन गरिनेछ ।

**उद्योग सम्बन्धि नीतिहरु**

- व्यावसायिक रुपमा उद्योग गर्न चाहने उद्यमीहरुलाई अनुदान उपलब्ध गराउनलाई पहल गरिनेछ ।

- गाउँपालिकामा सम्भावनाको रुपमा रहेको स्याउ प्रसोधन उद्योग, निगालाको सामाग्री उत्पादन उद्योग, राडिपाखी, उत्पादन उद्योग, हस्तकला उद्योग स्थापना गर्न पहल गरिनेछ ।

## सुचना तथा संचार प्रविधि सम्बन्धि नीतिहरु

- गाउँपालिकामा विगतमा संचालन गरिएका सम्पूर्ण सफ्टवयरहरु नविकरण गरिने छ र शाखामा आवश्यक पर्ने सफ्टवयर खरिद गरि कार्यन्वयन गरिनेछ ।
- आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आम जनताको पहुँच स्थापित गरिनेछ ।
- सूचनाको हक सम्बन्धि ऐनलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका सरकारी कार्यालयहरुमा विद्युतिय शासन प्रणालीमा आवद्धता गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- विकासको आधार सूचना तथा सन्चार भन्ने नितिलाई आत्मसाथ गर्दै अनलाईन सूचना तथा गुनासो दर्ताको व्यवस्था गरिनेछ ।

## सामाजिक समावेशीकरण सम्बन्धि नीति

- सबै किसिमका लैङ्गिक हिंसा र विभेदको प्रभावकारी ढंगले न्यूनिकरण गरिनेछ ।
- बाल बिवाह, बहु विवाह पूर्ण रुपमा निषेध गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गर्न पहल गरिनेछ ।
- फरक क्षमता एंव अपाङ्गता प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरि शिक्षा, सिप विकास र रोजगारीमा उनिहरुको बिशेष क्षमतालाई उजागर गर्न बिशेष कार्यक्रम संचालनमा ल्याईनेछ
- गाउँपालिका भित्र निर्माण हुने सरकारी भवन, विधालय तथा पूर्वधारहरु अपाङ्गतामैत्री, महिलामैत्री, बालबालिकका मैत्री तथा ज्येष्ठ नागरिक मैत्री गरिनेछ ।
- बाल श्रम मुक्त गाउँपालिका घोषणा गर्नका लागी सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

## सामाजिक सुरक्षा सम्बन्धि नीतिहरु

- समाजमा रहेका कुरीती र कुसंस्कार (लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रम, बाल विवाह, बहु विवाह, छुई प्रथा, दाईजो प्रथा, बोक्सी प्रथा, लागु औषध दुर्वेशन, मध्यपान,

जुवातास, मानव बेचबिखन आदी ।) विरुद्ध महिला समुह/समिती, बाल क्लब, किशोरी समुह, टोल विकास संस्था आदीको क्षमता विकास गरी परिचालन गरिनेछ ।

- पञ्जीकरणको कार्यलाई थप व्यवस्थित गरि सामाजिक सूरक्षा शाखामा राष्ट्रिय परिचय पत्र दर्ता इकाईको स्थापना गरिनेछ ।

**सार्वजनिक सेवा प्रवाह सम्बन्धि नीतिहरु**

- गाउँपालिकाबाट सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनैपनी प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिइ सेवा प्रवाह गरिनेछ ।
- यस पालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुले पालना गर्नु पर्ने आचरणलाई थप प्रभावकारी बनाउदै पूर्ण रुपमा पालना गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी, सरल र सहज चुस्त दुरुस्त बनाउन प्रशासनिक क्षेत्रमा भौतिक र आर्थिक व्यवस्थापन गरिनेछ ।
- कार्यालयलाई सवल र सफल बनाउन आवश्यक ऐन, नियम बनाइने र बनेका ऐन नियम कार्यान्वयनमा ल्याइ पूर्ण रुपमा पालना गरिनेछ ।
- भौगोलिक विकटतालाई ध्यानमा राखी घुम्ति सेवा शिविरलाई निरन्तरता दिइने छ ।
- सहायता कक्षलाई अझै प्रभाकारी बनाउन थप व्यवस्थापन तथा निरन्तरतामा जोड दिइने छ ।
- सिष्ट र नम्र व्यवहार गरि मुस्कान सहितको सेवा प्रबाह मार्फत जनसन्तुष्टी प्रदान गरिनेछ ।
- गाउँपालिकाले प्रबाह गरेको सेवाको बारेमा सेवाग्राही सन्तुष्ठी सर्वेक्षण गरि क्रमश सुधार गरिदै लगिनेछ ।

**स्थानीय न्याय व्यवस्थापन सम्बन्धि नीतिहरु**

- गाउँ समाजमा अनावश्यक रुपमा हुने विवाद मुद्धा मामिलाहरुलाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्ने मेलमिलाप र मध्यस्थता साथै गाउँपालिकाको न्यायिक समितीको क्षमता अभिबृद्धी गरिनेछ ।
- पिछडीएको बर्ग र क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहँच सुनिश्चित गर्ने कानुनी शिक्षा र सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- कानुन बिज्ञहरुबाट न्यायिक समिती जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।

- प्रत्येक वडाहरुमा गठित मेलमिलाप केन्द्रहरुको उचित व्यवस्थापन गरि न्यायीक सेवा प्रभावकारी गरिनेछ ।

**सुशासन सम्बन्धि नीतिहरु**

- जनताप्रति उत्तरदायी तथा लोक कल्याणकारी गाँउपालिका निर्माणको आधार बलियो बनाउँदै लगिनेछ।
- तिव्र सामाजिक आर्थिक विकासद्धारा जनतामा राजनीतिक परिवर्तनको लाभ पुऱ्याउन गाउपालिकालाई मुख्य जिम्मेवारी बनाइनेछ ।
- सामाजिक जीवनका सबै क्षेत्रमा लोकत्रान्त्रिक प्रणालीको प्रवर्द्धन गरिनेछ  विधीको शासन सुदृढ तुल्याइनेछ ।
- संविधानप्रदत मौलिक हक र स्वतन्त्रताको पूर्ण उपयोगको प्रत्याभुती गरिनेछ ।
- भ्रष्टाचार रहित पालिका बनाउने तथा भ्रष्टाचारमा शुन्य सहनशिलता कायम गरिनेछ ।
- सबै किसिमका खर्च रकमहरु समय समय मा सार्वजनिक गरिनेछ ।
- गाँउपालिकाको काम कारबाही र सेवा प्रवाह लगायतका बिषयमा प्रत्येक वडाहरुमा सार्वजनिक सुनुवाई एंव सामाजिक लेखा परिक्षण गरिनेछ ।
- ई-गभरनेन्सको अवधारणा अनुरुप सम्भव हुने सेवाहरु अनलाईन मार्फत प्रबाह गर्ने व्यवस्था गरिनेछ ।
- प्रकृयागत र कार्यविधिगत जटिलतालाई न्यूनिकरण गरि नतिजामुलक सेवा प्रवाह गरिनेछ ।

**जनप्रतिनिधि तथा कर्मचारिको क्षमता विकास सम्बन्धि नीतिहरु**

- कर्मचारीको कार्य सम्पादनमा आमूल परिवर्तन गर्न समिति गठन गरी सुशासन  कायम गरिनेछ ।
- कर्मचारीको कार्यक्षमता वृद्धी गर्न आवश्यकतामा  आधारित तालिम प्रदान गर्ने ,प्रविधी मैत्री बनाउने तथा असललाई पुरस्कार र खराब लाई दण्ड दिने नीति लिइनेछ।
- गाँउपालिकामा आवश्यकता अनुसार कर्मचारीहरु पदपूर्ति गर्दै लगिनेछ ।
- अन्य स्थानिय तहका राम्रा अभ्यासहरुलाई यस गाँउपालिकामा भित्र्याउन जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न बिभिन्न किसिमका तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।

- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न क्षमता बिकास कार्य योजना बनाइ लागु गरिनेछ।
- जनप्रतिनिधि र कर्मचारीको मुल्य मान्यता र आचरण विकासमैत्रि र सेवाग्रहीमैत्री बनाइनेछ।
- यस गाउँपालिकाको पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई काममा थप हौसला प्रदान गर्न कार्यविधि निर्माण गरि प्राविधिक फिल्ड भत्ता उपलब्ध गराइनेछ।

**<u>खाद्य सुरक्षा तथा पोषण सम्बन्धि नीतिहरु</u>**

- खाद्यन्नको उत्पादन, भण्डारण र वितरण प्रणालिलाई न्यायोचित गर्न उपयुक्त मल, विऊ र प्रविधि सहित दिगो कृषि उत्पादनको सुनिश्चितता, आपतकालिन समयमा समेत उपलब्धताका निम्ति वैज्ञानिक ढंगले भण्डारण र समन्यायिक वितरण प्रणालिको विकासलाई निरन्तरता दिइने छ।
- आवश्यकता अनुसारको पोषणयुक्त खाद्यन्नमा भौतिक र आर्थिकरुपमा पहुँच पुर्याउनका साथै क्रयशक्ति र बजार मूल्य बीच सन्तुलन कायम गरिने छ ।
- असल खाद्य संस्कृतिको विकास गरिनुका साथै पोषणयुक्त, विषादिरहित र स्वच्छ खाद्यन्नको छनौटको अवसर र उपभोगमा लैंगिक, जातिगत र वर्गिय विभेदको खाद्य सुरक्षा कायम गरिने छ।
- अनुपस्थित भू–स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ|
- भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गरिने छ|
- कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पंहुचको व्यवस्था गरिने छ ।
- कनकासुन्दरी गाउँपालिकाले महिला किशोरी तथा बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकतका साथ यस पालिकामा कार्यान्वयन गरी रहेकोमा आगामी आ. ब. बाट बिषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तयार गरी पोषण तथा खाद्य सुधारको लागी तोकिएको क्रियाकलापहरु सन्चालन गरिनेछ।

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance NFLG) अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानीय तह घोषणाका लागी बिशेष अभियान संचालन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतमा राखी कार्य गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागी संघिय र प्रदेश सरकारका साथै बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षीत र सम्बेदनशिल क्रियाकलापहरु संचालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः खाता छोरीको लगानी जीवनभरीको ,बालपोषण अनुदान, सुत्केरी पोषण कार्यक्रम, मर्यादित महिनावारी, **सानै छु बढ्न देउ बाल विवाह हैन पढ्न देउ अभियान,** खोप कार्यक्रम, बाल मैत्री स्थानिय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिनेछ।
- पोषण तथा खाद्य सुरक्षा सम्बन्धि सुचना तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरालाई महसुश गर्दै स्थानिय तहको पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा पालिका स्तरीय पोषण पार्श्व चित्र तथा स्थिति पत्र (Nutrition Profile and Nutrition Status Paper) यसै बर्ष भित्र तयार गरिने छ।
- बहुक्षेत्रीय पोषणले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत र क्षमता विकासमा जोड दिइने छ।
- रैथाने बालिको उत्पादन, संरक्षण र बजारीकरणको लागी आवश्यक व्यवस्था गरिनेछ।

**महिला बालबालिका सम्बन्धि नीतिहरु**

- महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदको प्रभावकारी ढंगले अन्त्य गरिनेछ।
- बाल बिवाह, बहु विवाह पूर्ण रुपमा अन्त्य गरिनेछ।
- महिला रोजगारीमा बिषेश प्रथामिकता दिइनेछ।
- अपाङ्गता भएका व्यक्तीहरु प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिनेछ। शिक्षा, सिप विकास र रोजगारीमा उनिहरुको बिशेष क्षमतालाई उजागर गर्न बिशेष कार्यक्रम संचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।
- यस गाउँपालिका भित्र निर्माण हुने सरकारी भवन, विधालय तथा पूर्वधारहरु अपाङ्गतामैत्री, महिलामैत्री, बालबालिकका मैत्री तथा ज्येष्ठ नागरिक मैत्री भवन निर्माण गरिनेछ।
- यस गाउँपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा स्तनपान कक्षको व्यवस्था गरिनेछ।
- बाल श्रम मुक्त गाउँपालिका घोषणाका लागी सबै किसिमको बालश्रमको अन्त्य गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका महिला, दलित, आदीबासी जनजाती, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ती, लैङ्गक तथा यौनिक अल्यसंख्यक, किसान, श्रमिक, उत्पिडितत, आर्थिक रुपले बिपन्न, लोपउन्मुख लगायत लक्षित वर्गको तथ्यांक संकलन तथा अधावधिक गरी शसक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- समाजमा रहेका कुरीती र कुसंस्कार (लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रम, बाल विवाह, बहु विवाह, छाउपडी प्रथा, दाईजो प्रथा, बोक्सी प्रथा, लागु औषध दुर्वेशन, मध्यपान, जुवातास, मानव बेचबिखन आदी ।) विरुद्ध महिला समुह/समिती, बाल क्लब, किशोरी समुह, टोल विकास संस्था आदीको क्षमता विकास गरी परिचालन गरिनेछ।
- लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ। जसमा महिलाहरुको लागी विभिन्न सिपमुलक र जनचेतनामुलक कार्यक्रम, दलितहरुको लागी कार्यक्रम, जनजातीहरुको लागी कार्यक्रम, ज्येष्ठ नागरिक आधारभुत हक, अधिकारको संरक्षण एंव सम्मानजनक र सन्तुष्टिपूर्ण जिवनयापनको लागी ज्येष्ठ नागरिकको उच्च सम्मान सहितका कार्यक्रम संचालन गरिनेछ।
- बाल मैत्री स्थानिय शासन स्थापनाका लागी बालमैत्री गाउँपालिका घोषणाका आधारहरु तयार गरिनेछ।
- लिङ्ग पहिचान गर्ने तथा लिङ्ग पहिचान गरी गर्भपतन गर्ने व्यक्ति तथा परिवारलाई कानुनी दायरामा ल्याई लिङ्ग पहिचानलाई निरुत्साहित गरिनेछ।
- अपङ्गता भएका व्यक्तीहरुको शीघ्र पहिचान र प्रेषण सेवा (अर्लि स्क्रनिङ र रेफरल सर्भिस) का लागी स्वास्थ कर्मीलाई तालिम दिईनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा संस्थागत क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- बन्दै गरेका भौतिक संरचानाको पहुँच परीक्षण गरी र संरचनागत अवरोध हटाईनेछ।

**अन्तमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गनिर्देशन गर्नुहुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु, विभिन्न समयमा अग्रज व्यक्तिहरुले दिनु भएका सुझावहरुलाई पनि नीति तथा कार्यक्रम निर्माणका चरणमा स्मरण गरेको छु। नीति तथा कार्यक्रम छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, बुद्धिजिवी, विषयगत कार्यालयका कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु प्रधानाध्याक ज्यूहरु, टोल विकास सस्थाका प्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, पत्रकार मित्रहरु, सुरक्षा

निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सबै दिदी बहिनी, दाजु भाईहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यस गाउँपालिकाको विकासमा सहयोग पुर्याउने आम नागरिक, करदाता, सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यन्वयनमा सबैको  सहयोगको अपेक्षा गरेको छु । विभिन्न समस्या र चुनौतिहरुका बाबजुद बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिवद्ध र एकताबद्ध बनौ, साथै कनकासुन्दरी गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशावादी बनौ ।

धन्यवाद ।

अध्यक्ष
दामोदर प्रसाद आचार्य
कनकासुन्दरी गाउँपालिका
विराट सिंजा जुम्ला